# गौरादह नगरपालिकाको विज्ञप्ति

मिति २०७८ जेष्ठ ५ गते प्रकाशित नयाँ पत्रिका दैनिकमा *गौरादह नगरपालिकाले एक सय पन्ध्र विपन्न परिवारलाई बाड्यो कुहिएको चामल* भन्ने समाचार प्रति गम्भिर ध्यानाकर्षण भएको छ।सो सम्बन्धमा यथार्थ आम नगरवासी तथा सरोकारवालाहरुलाई जानकारी होस भन्नका लागि यो अपिल जारी गरेको छौ। वास्तविक अवस्था भन्दा फरक ढङ्गवाट प्रकाशित समाचारको समेत खण्डन गर्दछौ।

गत वर्ष कोभिड-१९ को संक्रमण रोकथाम तथा प्रतिकार्यका क्रममा प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न नगरपालिकाले खरिद गरेको १७६३६० के.जी. र सहयोगीदाताहरुवाट ४१९५ के.जी प्राप्त भएको चामल मध्ये दाताहरु बाट प्राप्त केहि चामल विग्रिएको अवस्थामा देखिएकोले सोहि समय सम्वन्धित दाताहरुलाई देखाइ छुट्ट्याएर राखीएको र फिर्ता लैजान छुट्याएर राखिदिन भनेको तर दाताले फिर्ता नलगिकन रहेको।

गत वर्ष नै नगरवासीहरुलाई १६६१०० के.जी चामल राहत वितरण गरिएको थियो भन्ने क्वारेन्टाइनको खाना वन्दोवस्तका लागि ९४४५ के.जी चामल खर्च भएको ।साथै वाकी रहेको खान योग्य चामल आगलागी वाट पडित तथा विपन्न परिवारलाई वितरण गरीएको यसरी वितरण गरिएको खाद्यान्न सामाग्री विग्रिएको वा कुहिएको वितरण गरिएको छैन , होइन ।साथै यस आ.व.मा नगरपालिकाले चामल किनेको पनि छैन र समचारमा उल्लेख भएको संख्यालाई वितरण पनि गरेको छैन । समाचारमा नाम उल्लेख भएका गौरादह १ को सम्नी मुसहर र सावित्रा मुसहरलाई राहत वितरण गरेको नदेखिएको ।

गत सालको कोभिड १९ बाट प्रभावित व्यक्तिहरु लाई वितरण गरिएको र क्वारेन्टाईनमा खानाका लागि खर्च भएको वाहेको रहन गऐको चामल,दाल, नून , भूजा जस्ता खाद्य सामाग्रीहरु राखेको ठाउँमा मुसाले बोरा काटेकोले पोखिएर नष्ट हुनु ओसिएर मक्किन गएको हो।त्यस मध्ये पनि खान योग्य र अयोग्य छुटयाई राखने ठाउँ परिवार्तन गरी राखीएको अवस्थालाई मिति २०७८/०२/०३ गते नगरस्तरिय कोभिड-१९ संक्रमण रोकथाम तथा व्यवस्थापन समितिको अगुवाईमा नगरप्रमुख, नगर उपप्रमुख सहित समितिका सदस्यहरु र वडा अध्यक्ष ज्यूहरु तथा स्थानिय स्तरका सुरक्षा निकायका प्रमुखहरु समेतवाट अवलोकन गर्दा जम्मा रहेको ५०१० केजी चामल मध्ये ३१२१ के.जी चामल पूर्णरुपमा प्रयोग गर्न नसकिने अवस्थामा देखीएकोले नष्ट गर्ने र वाकी चामललाई खान योग्य अयोग्य छुटयाउने समेत निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं।

यसरी नगरपालिकाले काँही कसैलाई पनि विग्रिएको चामल नवाढेको र नगरवासीको स्वास्थ्य सँग नगर सचेत र गम्भिर रहेको छ। विषयवस्तु र यथार्थ अवस्थालाई तोडमोड गरि समाचार प्रकाशन नगर्न समेत अनुरोध गर्दछौं।

आदरणीय नगरवासी दाजुभाई,दिदि वहिनीहरु,

गत वर्ष राहतका लागि जम्मा भएको चामल मध्ये दाताहरुवाट प्राप्त भएका चामल अनलोडका वखत परेको पानीले भिज्न गई विग्रनु, राखिएको ठाउमै मुसाले बोरा काट्नुको कारण विग्रनु र जताभावी वितरण गर्न समेत नसकीएको कारण लाग्न गएको समयका कारण माथि उल्लेखित परिमाणको चामल विग्रदा हामी अत्यन्तै दुःखी भएका छौ। आगामी दिनमा यसरी खेरजान सक्ने संभावना र कारणलाई न्यूनिकरण गर्न सचेत रहने प्रतिवद्वता समेत जाहेर गर्दछौं।

..........................
नगर उपप्रमुख
गीता भेटवाल
गौरादह नगरपालिका

गीता भेटवाल
नगर उप-प्रमुख

..........................
नगर प्रमुख
रोहित कुमार साह
गौरादह नगरपालिका

रोहितकुमार शाह
नगर प्रमुख

मितिः- २०७८\०२\०६

Scanned with CamScanner